स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'रावायण' व्यावसायिक रुपमा सफल भइदिए भए अभिनेता पल शाहको करिअर नै कायापलट हुन सक्थ्यो । उनलाई अपेक्षा पनि यही थियो । तर, फिल्मको नतिजा निकै निराशाजनक आएको छ । फिल्म बक्स अफिसमा पिटिएन मात्र, उनको अभिनयदेखि गेटअपसम्मको व्यापक आलोचना भयो । पल मुछिएको एक प्रकरणको असर फिल्मलाई परेको टीका-टिप्पणी पनि भइरहेको छ ।

आजको विचार...



समयको...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



बिगबोस ओटीटी सिजन-३ को होस्ट नगर्ने घोषणा गरेका बलिउड अभिनेता सलमान खानले कलर्स टिभीमा प्रसारण हुने 'बिग बोस' सिजन १८ मा फर्किने पक्का भएको छ । मंगलबार बिग बोसका निर्माताले सलमानलाई होस्टको रुपमा उनको इन्स्टाग्राम ह्याण्डलमा मेन्सन गर्दै यसबारे टिजर सार्वजनिक गर्दै फ्यानलाई सरप्राइज दिएका छन् । यी दृश्यहरु प्रदर्शन हुँदा पृष्ठभूमिमा एउटा भ्वाइसओभरसहित भनिन्छ- बिग बोसले देख्नेछ घरबासीको भविष्य, अब हुनेछ समयको ताण्डव ।

❐ वर्ष ३० ❐ अंक ६४ ❐ २०८१ असोज २ गते बुधबार 18 September 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### द्वन्द्वपछि विद्यालय तथा इन्टरनेट सेवा सुरु

(रासस/एएफपी)

**नयाँदिल्ली,** असोज १/जातीय हिंसा तथा प्रदर्शनकारी र प्रहरी बीचको झडपका कारण बन्द भएको एक हप्ता पछि भारतको उत्तरपूर्वी राज्य मणिपुरमा मंगलबारदेखि विद्यालयहरू पुन: खोलिएको स्थानीय सरकारले जनाएको छ । मणिपुरमा सन् २०२३ मे मा सुरु भएको हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबिच लडाइँका कारण कम्तिमा २०० जनाको ज्यान लिएको स्रोतले जनाएको छ । त्यहि समय देखि युद्धग्रस्त म्यानमारको सिमानामा रहेको उत्तरपूर्वी राज्यमा समुदायहरू प्रतिद्वन्द्वी समूहहरूमा विभाजित भएका छन् । केहि समयको सापेक्षिक शान्ति पछि, पछिल्लो समय फेरि हिंसा बल्झिँदा कम्तिमा ११ जनाको मृत्यु भएको थियो । मणिपुरको राजधानी इम्फालमा लडाइँको विरोधमा मेइतेई विद्यार्थीले गरेको प्रदर्शनले हिंसात्मक रुप धारण गर्दा राज्यका केही भागहरूमा कर्फ्यू र इन्टरनेट ब्ल्याकआउट जारी गर्न बाध्य तुल्यायो । हाल हिंसा कम भएसँगै इन्टरनेट सेवा पुन:स्थापित भएको छ भने मंगलबारदेखि सबै विद्यालयमा सामान्य कक्षाहरू पुन: सुरु गर्न सरकारी आदेश जारी गरिएको छ । मणिपुरका मुख्यमन्त्री बीरेन सिंहले सबैलाई जिम्मेवारीपूर्वक इन्टरनेट प्रयोग गर्न तथा शान्ति र सद्भाव विगार्ने कुनै सामग्री पोष्ट नगर्न आग्रह गरे । यसै बीच अधिकारकर्मीहरूले स्थानीय नेताहरूले राजनीतिक लाभका लागि जातीय विभाजन बढाएको आरोप लगाएका छन् ।

# पालपाली व्यवसायीको फन्दामा 'पोके व्यापारी'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १/जिल्लाका विभिन्न स्थानमा गैरकानूनी रुपमा व्यापार व्यावसाय गर्दै हिड्ने पोके तथा घुमुवा व्यापारी धमाधम पाल्पाली व्यवसायीको फन्दामा पर्न थालेका छन् । व्यवसाय गर्दा सम्बन्धित निकायमा दर्ता गरेर तोकिएको ठाउँमा मात्र गर्नु पर्ने भएपनि विना दर्ता र कर, विलविजक नै जारी समेत नगरी भाडा, लत्ताकपडा, नक्कली गरगहना, कस्मेटिक, अण्डा, कुखुरा, औषधि, फलफूल,तरकारी, आइसक्रिम, लगायत विभिन्न सामग्री विक्रि गर्दै हिड्ने व्यापारीहरुहरु जिल्लाका व्यवसायीहरुको फन्दामा पर्ने गरेका हुन् ।

सोमबार साँझ गैरकानुनी ढंगले भ्यानमा कपडा बेच्दै हिड्ने व्यापारी व्यवसायीको फन्दामा परे । जिल्लाका उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईको नेतृत्वमा खटिएको व्यवसायीहरुको टोलीले सदरमुकाम तानसेनस्थित शितलपाटीमा बाहिरबाट भ्यानमा कपडा ल्याई सडकमा बेच्दै हिड्ने व्यापारीलाई समाएको छ । काठमाडौंको इन्द्रचोकबाट बुटवलको एक पसलका लागि





ल्याइएको तन्ना, सिरकको खोल, सिरानी जस्ता सामानहरु बा १० च ८९८५ को भ्यानमा राखेर बेच्दै हिडेको अवस्थामा संघका पदाधिकारी सहितका व्यवसायीहरुले शितलपाटीबाट नियन्त्रणमा लिएका हुन् । कपडासहितको भ्यान नियन्त्रणमा लिई कर कार्यालय पाल्पाका प्रतिनिधि, तानसेन नगरपालिकाका प्रतिनिधि सहितलाई खबर गरी जिल्ला प्रहरी कार्यालय पाल्पालाई जिम्मा लगाइएको संघका अध्यक्ष शैलेन्द्र भट्टराईले एनजेडीलाई जानकारी दिए । सोही टोलीले मंगलबार पनि तानसेनका विभिन्न ठाउँबाट हातमा कपडा लिएर बेच्दै हिड्ने दुई जना घुमुवा व्यपारीलाई समेत समातेको छ । ति व्यापारीहरुले काठमाडौंबाट बुटवलसम्मका लागि भन्दै ल्याएका कपडा सिधै तानसेन ल्याइएको बुझिएको छ । उनीहरुलाई भने नियन्त्रणमा लिई सम्झाई बुझाई तानसेन नगरपालिकाको जिम्मा लगाइएको संघले जनाएको छ । कानुन विपरित पोके र घुमुवा व्यपारीका कारण राज्यलाई कर तिरी वैधानिक रुपमा सामाजिक उत्तरदायित्व समेत बहन गर्दै आएका जिल्लाका हजारौ ब्यावसायीलाई असर परेका कारण पोके व्यापारीहरुलाई नियन्त्रणमा लिईएको अध्यक्ष भट्टराईले बताए । उनले भने 'हामीले पटक - पटक पोके व्यापारीहरुलाई सम्झाई, बुझाई गर्दै आयौं तर त्यस्तो काम नरोकिएपछि बाध्य भएर नियन्त्रण गर्न लागेका हौं ।' अनाधिकृत पोके ब्यवसायीलाई सम्वन्धित निकायमा व्यावसाय दर्ता गरी कानून बमोजिम सञ्चालन गर्न समेत आग्रह गरेको उनले बताए । यस्ता व्यावसायीहरुबाट जिल्लाको समग्र व्यापार व्यावसायमा प्रभाव पर्ने मात्र नभई सामाजिक अपराधका घटना समेत घटेकोले आवश्यक निगरानी गर्न प्रशासनलाई समेत संघले अनुरोध गरेको छ । पोके व्यापारीले स्थानीय बजारमै सस्तो र गुणस्तरहीन सामान बेच्दा राज्यलाई वर्षेनी लाखौ रुपैयाँ कर गुमाउनु परेको भन्दै स्थानीय व्यवसायीहरुकै आग्रहमा पोके व्यापारी समाउन थालिएको संघका सचिव विदुर घिमिरेले बताए । उनले भने 'काठमाडौंबाट बुटवलको एक पसलका लागि भनेर कागज बनाएर ल्याइएको भए पनि व्यापारीले बुटवल नझारी सिधै तानसेनका बजारमा बेच्दै हिडेको थाहा पाएपछि हाम्रो टोलीले शितलपाटीबाट एक भ्यान कपडा नियन्त्रणमा लिएको हो ।'संघका अध्यक्ष भट्टराईको नेतृत्वमा महासचिव समिरमान सिंह, कोषाध्यक्ष विनायक महर्जन, सचिव बिदुर घिमिरे, सदस्यहरु कमलराज पाण्डे, सहमत मिया लगायतको टोलीले गाडीलाई नियन्त्रणमा लिएको हो । भ्यान नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाइएको थियो । थप अनुसन्धानपछि स्थानीय सरकारले नै उक्त विषय हेर्ने भएकाले तानसेन नगरपालिकालाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले बताए । नगरपालिकाले भने पहिलो पटक भएकाले जरिवाना स्वरुप ५ सय लिई सम्झाई बुझाई गरी पठाइएको राजस्व शाखा प्रमुख मधुसुधन घर्तीले बताए । पछिल्लो समय जिल्लाका ग्रामीण क्षेत्रमा समेत भाडा, लत्ताकपडा, नक्कली गरगहना, कस्मेटिक सामानहरु बाहिरबाट लिएर विना कागजात व्यापार गर्नेको विगविगि रहेको छ ।

-बाँकी अन्तिम पेजमा...

## संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् ।

त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो

नेपाल सरकार

विज्ञापन बोर्ड

# सोह्र श्राद्ध सुरु, पक्षभर गरिँदै छ पितृको सम्झना

**पाल्पा,** असोज १/प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्रश्राद्ध अर्थात् पितृपक्ष आजदेखि सुरू भएको छ । सोह्रश्राद्धमा दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरिन्छ । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यो पक्षलाई पितृपक्ष एवं सोह्रश्राद्धसमेत भन्ने गरिएको हो ।



सनातन धर्मावलम्बीहरुले पितृपक्षभर पितृहरूको सम्झना गर्ने गर्दछन् । पितृपक्षको पहिलो दिन आज प्रतिपदा तिथि श्राद्ध गरिन्छ । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । हिन्दू धर्मावलम्बीले यस अवधिमा आफ्ना दिवंगत पूर्खालाई तिथी मिलाएर तर्पण, पिण्डदान र ब्राह्मण भोजन गराउने गर्छन् । हाम्रो समाज पितृप्रधान रहेकाले मूल पुरुषको तिथीमा अन्य पूर्खालाई स्मरण गरी श्राद्ध गरिने परम्परा रहेको छ ।

एकतिष्ट, पार्वानी, महालयलगायत श्राद्ध प्रचलनमा छ । सोह्रश्राद्धलाई महालय पनि भनिन्छ । श्राद्ध भनेको दिवंगत आत्मालाई श्रद्धार्पण गर्ने काम हो । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यो पक्षलाई पितृपक्ष एवं सोह्रश्राद्धसमेत भन्ने गरिएको हो । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । पितृपक्षका बेलामा पितृलोकबाट दिवंगत पितृहरू पिण्ड, पानीको आसले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ । यस अवसरमा शास्त्रीय रूपमा दिइएका विकल्प अनुसारका कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनुका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## श्रद्धाकर्म सोह्रश्राद्ध

आश्विन कृष्णपक्षलाई पितृपक्ष वा सामान्य बोलीचालीको भाषामा सोह्रश्राद्ध भनिन्छ । यसमा द्रिवंगत सबै पितृहरूको कल्याण गर्ने उद्द्रेश्य राखेर पिण्डद्रान गर्ने पर्व सोहश्राद्ध हो । एक पक्षमा पन्ध्र तिथि हुने भए पनि भाद्र शुक्लपूर्णिमाद्रेखि आश्विन औंसीसम्मका वा जमरे औंसीसम्म सोह्र तिथिमा श्राद्ध गरिने भएकाले यस समयमा गरिने श्राद्धलाई सोह्रश्राद्ध भनिएको हो ।

बडाद्रसैंको नजिकै पितृकार्य सम्पन्न गरेर चाडपर्व मनाउने परम्पराअनुसार आफ्नो घर, डेरा, त्रिवेणी, द्रोभान, घाटलगायत अन्य तीर्थस्थलमै भए पनि पितृको श्राद्ध तथा तर्पण गरि यो पवित्र कार्य गरिन्छ । आश्विन कृष्ण पक्षका १६ द्रिन पितृलोक पृथ्वीको सबैभन्द्रा नजिक आउँछ र त्यसबेला पितृले आफ्ना सन्ततिका गतिविधि नियालिरहेका हुन्छन् भन्ने हाम्रो धार्मिक मान्यता छ । विशेषत:सूर्य कन्या राशिमा प्रवेश गर्द्रा यो पर्व पर्छ । हिन्द्रु धर्ममा विशेष रुपमा लिइने सोह्र श्राद्ध आजद्रेखि सुरु भएको छ । प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपद्राद्रेखि आश्विन शुक्ल प्रतिपद्रासम्म गरिने सोह्र श्राद्धअन्तर्गत पहिलो द्रिन आज प्रतिपद्रा तिथि श्राद्ध गरिन्छ । श्राद्धको मूल भनेको श्रद्धा हो । विनाश्रद्धा श्राद्ध हुनै सक्तैन । श्रद्धायुक्त भएर गरिने कर्मविशेष नै श्राद्धपद्रले प्रशंसित छ । श्राद्धकर्म शास्त्रोक्त विधिनिर्द्रेशलाई परिपालन गर्द्रै सम्पन्न गरिन्छ । यसको छुट्टै पद्धति रहेको छ । देशकाल तथा परिस्थिति अनुकूल हुने गरी उपयुक्त तिथि अनुसार पद्धति अनुरूपका प्रविधि प्रयोग गर्द्रै श्राद्धकर्म पूर्ण गरिन्छ ।

सनातन धर्ममा वर्णाश्रम धर्मका अनुयायीहरू पितृऋणत्राट मुक्त हुनका लागि तर्पण र श्राद्ध गर्नुपर्छ । द्विजातिलाई नित्यकर्म सन्ध्याबन्द्रनका साथ जलले तर्पण गर्ने निर्द्रेशन शास्त्रद्वारा प्राप्त छ । मरणपछि तर्पण द्रिएर तृप्त गर्ने सन्तान होस् भन्ने प्रबल इच्छा सनातन धर्मका अनुयायीहरू सबैमा हुन्छ । यो आफैमा सकारात्मक छ । जुन पिता माताबाट हामीलाई यो शरीर मिल्यो, लालन पालन भयो मरेपछि उनीहरूका लागि कुनै विशेष सत्कार गर्न सकेनौं भने त्योभन्द्रा ठूलो कृतघ्नता अरू केही हुन सक्द्रैन । मातापिताको ऋण सय वर्ष भोग्न सयौं जन्मसम्म पनि तिर्न सकिँद्रैन । उनीहरूको नाममा द्रान गर्द्रा उनीहरूको आत्मा तृप्त हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ । हिन्द्रू समाजमा सोह्रश्राद्धको आफ्‌नै महत्व रहेकाले तिथि बिर्सने र यो क्रम तोडिनुचाहिँ कद्रापि हुँद्रैन । यसर्थ हाम्रो सनातन धर्म र संस्कृतिको जर्गेना तथा संरक्षण गर्नु सबैको परम कर्तव्य हो ।

### Opinion @ Social Network

'राम्रो गरेर पछुताउनु पर्छ भने नगरेर पछुताउनु
संसार को रित कर्म हो ।'

*(सुमन थापाको फेसबुक स्टाटसबाट www.facebook.com//Suman.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समयको दुरुपयोग गर्नेहरूबाट समृद्धि असम्भव



प्रा. देवीभक्त ढकाल

समयलाई हामीले सेकेन्ड, मिनेट, घण्टा, दिन, महिना, वर्ष आदिमा मापन गर्दछौं । समय बित्छ, घटना हुन्छन् अर्थात् समयको चल बिन्दु स्थानान्तरित हुन्छ । समय नदीको प्रवाहजस्तै निरन्तर र अविछिन्न बग्छ । समय चलायमान छ । दुई लगातार घटित घटना वा कुनै गतिशील बिन्दुको एक बिन्दुबाट अर्को बिन्दुसम्मको अन्तराल अर्थात् प्रतीक्षानुभूतिलाई समय भनिन्छ । समय कुनै एक निश्चित सन्दर्भ या स्थितिको मानक हो । यो हरपल निरन्तर परिवर्तनशील छ । समयको परिवर्तनको छालमा बग्न सक्नुपर्छ । समयको चालको बेगसँग निरन्तर बग्न सक्नेहरू नि:सन्देह सफल हुन्छन् । समयको बेगसँग बग्नेहरूले समयलाई सकारात्मक सदुपयोग गर्नुपर्छ । समयको सकारात्मक प्रयोग नगर्नेहरू गन्तव्यमा पुग्दैनन् । क्रियाशीलता मात्रै सफलताको द्योतक होइन । क्रियाशीलताले त्यसलाई सफल बनाउँछ जसले क्रियाशीलतालाई सकारात्मक सदुपयोग गर्छ । समय मानव जीवनको अनमोल धन हो । किनकि बितेका पल फिर्ता हुँदैनन् । मानवमात्रका लागि वर्तमान समय महत्वपूर्ण हुन्छ । वर्तमान समयलाई सदुपयोग गर्नु नै मानवमात्रको सच्चा धर्म हो । समय विभिन्न मापकको एक घटकमात्र हो जसको उपभोग घटनालाई अनुक्रमित गर्नु, भौतिक वास्तविकता तथा चेतन अनुभवमा मात्राको परिवर्तनका दरको मापन गर्नलाई प्रयोग गरिन्छ । समय सबैका लागि अमूल्य छ । तसर्थ समयलाई बर्बाद गर्नु हुँदैन । समयलाई बर्बाद गर्नु भनेको स्वयंलाई बर्बाद गर्नु हो । समय पैसाभन्दा मूल्यवान छ । समयले कसैलाई प्रतीक्षा गर्दै न, यो चलायमान र नाशवान छ । समयको सही उपयोग एक प्रकारको कला हो, जसले समयलाई सकारात्मक प्रयोग गर्छ उसले सफलताको लक्ष्य चुम्छ । समय एक अनमोल ईश्वर प्रदत्त धन हो । समयलाई नष्ट गर्नु र दुरुपयोग गर्नु भनेको अनमोल सम्भावनालाई उपयोग गर्न अक्षम हुनु हो । समयको सदुपयोगको कुञ्जी समयको व्यवस्थापन कुशलतामा भरपर्छ । समयलाई उच्चतम सदुपयोग गर्ने कलाको सिद्धि भनेको व्यक्तिले स्वयंलाई अनुशासित बनाउने संकल्प हो । कामलाई समयबद्धताका साथ पूरा गर्ने योजना र संकल्प भनेको अनुशासनका माध्यमले लक्ष्यलाई प्राप्त गर्ने विधि हो । समयको सदुपयोगले व्यक्तिको दक्षताको उत्पादकता बढ्छ । सफलता, समृद्धि र सुख प्राप्ति त्यसले गर्छ जसले समयको उच्चतम सदुपयोग गर्छ । समयको गुणवत्ताले जीवनको गुणवत्तालाई प्रभावित गर्छ । समय यस्तो मूल्यवान सम्पत्ति हो न यसलाई खरिद गर्न सकिन्छ न त संग्रहित गर्न नै सकिन्छ । समयलाई सदुपयोग गर्नु नै सफलताको मूल मन्त्र हो । समयको सदुपयोग व्यक्ति, समाज र राष्ट्रको उन्नतिका लागि महत्वपूर्ण हुन्छ । समयलाई व्यवस्थित, सही र उच्चतम उपयोग गरेर हामीले सामाजिक एवं आर्थिक प्रगतिमा योगदान गर्न सक्छौं । समयको उच्चतम प्रबन्धन गर्ने क्षमता, योग्यता र कला जीवन सफलताको राजमार्ग हो । समयको सदुपयोग जीवनलाई सफल बनाउने कुञ्जी हो । व्यक्ति सफल हुन दैनिक कार्ययोजना अनुसार चल्नुपर्छ । प्रत्येक क्षणलाई कसरी सदुपयोग गर्न सकिन्छ भन्ने सोच र चिन्तनले व्यक्तिलाई सफल बनाउँछ । समयको अपव्यय असफलताको मूल कारण हो । समयको बर्बादीप्रति जुन समाजले अफसोस गर्दैन त्यो समाजले प्रगति गर्दैन । आज भएको समयको सदुपयोग र मिहिनेले भोलि समृद्धि अवश्य ल्याउँछ । जीवनको अन्तिम साससम्म पनि समयलाई बर्बाद गर्नुहुँदैन । सेवा निवृत्तहरूलाई क्रियाशील गर्ने योजना र कार्यक्रमको अप्रत्यक्ष प्रभाव युवाहरूको कार्य तत्परता, कार्यघण्टामा पर्छ । समयलाई सदुपयोग गरियो भने समयसँग सुखसुविधा, आनन्द प्रदान गर्ने क्षमता हुन्छ । वृद्धहरू सक्रिय हुँदा युवाहरू आलस्य त्याग्न बाध्य हुन्छन् । सधैं उपयोगी कामबाट समयको सदुपयोग गर्नुपर्छ ताकि हामीलाई समयले समृद्धि प्रदान गर्न सकोस् । व्यक्तिले यदि समयको उच्चतम प्रयोग गर्न सक्यो भने उसको दक्षता र कार्यक्षमता वृद्धि हुन्छ । परिणामस्वरूप समय सफलतातिर स्वत:निर्देशित हुन्छ । समयलाई सदुपयोग गर्नका लागि अल्पकालीन र दीर्घकालीन दुवै अवधिको लक्ष्य निर्धारण गर्ने विषय महत्वपूर्ण हुन्छ । लक्ष्यले आफैं मार्गनिर्देशक शक्तिको रूपमा काम गर्न उत्प्रेरित गर्छ । लक्ष्य निर्धारणको अभ्यासले व्यक्तिको दक्षता बढ्छ । परिणामस्वरूप व्यक्ति अधिकाधिक काम गर्न उत्प्रेरित हुन्छ । वास्तवमा जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्ने भनेको व्यावहारिक पक्ष हो । हाम्रा राजनीतिका शीर्षस्थहरूले समयको सदुपयोग गरेका छन् कि दुरुपयोग गरेका छन् ? यो यक्ष प्रश्नको सेरोफेरोमा विकास र समृद्धिको विषयलाई मापन गर्दा नै यसले वस्तुस्थितिलाई प्रकटीकरण गर्छ । हामीले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलको नेता, मन्त्री, संवैधानिक आयोगका पदाधिकारीहरू, कूटनीतिक सेवामा कार्यरतलगायतलाई आवास, सवारीसाधन, इन्धन, चालक, मोबिल, पेट्रोल सवारीसाधन मर्मत, पत्रपत्रिका, पानी, बिजुलीका अतिरिक्त निजी सहायक, सुरक्षाकर्मीलगायता विविध सुविधा लिने पदाधिकारीहरूको पूरै समयलाई राज्यले उक्त पदमा बहाल रहँदाका मितिसम्म खरिद गरेको छ । यस्ता पदधारीसँग निजी समय हुँदैन । निजी समयलाई म परित्याग गर्छु भन्ने करारनामा हो सबै पदाधिकारीहरूको नियुक्ति । यस्ता पदाधिकारीहरूले समयलाई कति राष्ट्र र जनताको हितमा प्रयोग गर्छन् त्यसले नै देशको कानुन व्यवस्था, सुशासन आदिको पूर्वाधार तयार हुन्छ । नेपालमा यसरी नियुक्ति लिने पदाधिकारीमध्ये सबैलाई आफ्नो काम, कर्तव्य, अधिकारका साथै कामलाई कसरी अगाडि बढाउने भन्ने विषयमा पूर्वज्ञान कमैमा छ । फेरि हाम्रो कमजोरी भनेको कुनै पदमा नियुक्ति पाएपछि आफूलाई त्रिकालदर्शी ठान्ने प्रवृत्ति र अहंले देश सुशासनको दिशामा जाने लक्षणसम्म देखिएको छैन । भाषणमा सुशासन, विकासलाई बारम्बार फलाक्ने तर व्यवहार भने सुशासन, विकास र समृद्धिविरोधी गतिविधिमा समयलाई खर्च गर्ने हाम्रो दीर्घरोगको मनोवैज्ञानिक उपचारविना देशमा सुशासन, विकास र समृद्धि भाषणमा हुने हल्लाले किमार्थ आउँदैन । जिम्मेवारहरू जिम्मेवारीमा रहँदाका बखत जनता र देशको हितमा प्राप्त समयलाई उच्चतम सदुपयोग गर्ने चरित्र र मनस्थितिको विकास नहुँदासम्म सुशासनको पूर्वाधार बन्दैन । यस्तो परिस्थितिमा सुशासनको भाषण र अपेक्षाको के अर्थ ? प्रधानमन्त्री जस्तो प्रमुख कार्यकारी पदमा बस्ने व्यक्ति आत्मकेन्द्रित, परिवार, नातागोता, गुट र टाढासम्म पुग्यो भने पार्टीमा केन्द्रीकृत हुने अवस्थाले देश कसरी बन्छ ? सदनमा हुने छलफलका विषय देश र जनतासँग सम्बन्धित अत्यन्तै कम हुन्छन् । सदनले गर्नुपर्ने कामभन्दा पार्टी-पार्टीबीचको झगडा, घमण्ड आदिले संसदको महत्वपूर्ण समयलाई बर्बाद गर्दै आएको कुरा जगजाहेर छ । सदन सञ्चालनका लागि राज्यको अथाह लगानी छ । सदनको समयमा जनताको कति लगानी छ ? के त्यो लगानी कुनै पार्टी र कुनै नेताहरूले यसको दुरुपयोग हुनुहुँदैन भन्ने सोच र चिन्तन व्यवहारमा देखाउन सकेका छन् ? किमार्थ छैनन् । एउटा शब्दमा, एउटा पार्टीको नेताको लहडमा सदनका कामकारबाही महिनौं रोकिने अवस्था भनेको सिंगो सदनको समयको दुरुपयोग हो । देशको कानुन निर्माण गर्ने निकाय आफैं कानुन, नियमविपरीत अवरुद्ध हुने अवस्थाले हाम्रो व्यवस्था र यसका सञ्चालकहरू असफल भएको प्रमाणित गर्दैन ? सदनसम्म सुचारु गर्न नसक्ने सरकारले देशको अवस्थालाई बदल्छ भन्ने हाम्रो विश्वासलाई जिम्मेवारहरूले कति धोखा दिएका होलान् यो सामान्य नागरिकले अनुभव गरेको विषयप्रति सम्बन्धित पक्ष किन सधैं बेखबर हुन्छ । पदासीनहरू सधैं आफ्नो कर्तव्य र दायित्वलाई बेवास्ता गर्ने, जनताले किनेको समयलाई अफ्नो, आफ्नाहरूको हितमा खर्चेर सार्वजनिक जिम्मेवारीमा खर्चनुपर्ने समयको दुरुपयोग गर्ने प्रवृत्ति गरिबी, अभाव र पछौटेपनका लागि जिम्मेवार छ । के अहिलेसम्म देशको राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, मन्त्रीजस्ता उच्च पदस्थले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न आगामी दिनका कामको कार्यतालिका सार्वजनिक गर्न सकेका छन् ? कार्यतालिकाविना काम कसरी व्यवस्थित हुन्छ । लाग्छ यिनीहरूलाई कार्यतालिकाको महत्व नै थाहा छैन ? कार्यतालिकाको मर्मसम्म थाहा नहुने व्यक्तिहरूको निर्देशनमा देश कसरी र किन व्यवस्थित हुन्छ ? आफूलाई समयसारिणी अनुसार तोकिएको जिम्मेवारी निश्चित समयमा पूरा कसरी गर्ने भन्ने सामान्य खाका कोर्न नजान्ने, नसक्नेले समृद्धि र सुशासन जस्तो जटिल काम सम्पन्न गर्छन् भनेर जुन जिम्मेवारी सुम्पेका छौं त्यो हाम्रो भुल हो । हालसम्मको अनुभवले सबै पात्र अक्षम छन् भन्ने कुरा देशको लथालिंग र भताभुंग अवस्थाले प्रमाणित गरेको छ । यस्ता पदाधिकारीहरूको काम समयलाई निजी लाभका लागि प्रयोग गर्ने र सार्वजनिक काममा खर्च गर्नुपर्ने पूरै समयको दुरुपयोगको प्रतिफल हो कुशासन, भ्रष्टाचार, अनियमितता साथै प्रतिवर्ष घट्दो निर्यात र आकासिँदै गरेको आयात । सडक निर्माणको दुर्दशाको सिकार नागरिक सधैं किन हुनुपर्ने ? उदाहरणका लागि महेन्द्र राजमार्गको नारायणगढ बुटवल खण्ड विस्तार र सुधार गर्न ठेक्का दिएकोमा ठेक्का अवधि पूरा भएपछि पनि दुई-तीन पटक म्याद थप्ने काम भयो । बाटाको काम अझै आधा पनि सम्पन्न भएको छैन । जनताले भोग्नुपरेको सास्ती शब्दमा व्यक्तसम्म गर्न सकिने अवस्था छैन । यस्तो जनतासँग प्रत्यक्ष जोडिएको विषयमा प्रधानमन्त्री र सम्बन्धित मन्त्रीले आजका मितिसम्म ठेकेदारको ठेक्का भंग गर्ने वा उसले छिटोभन्दा छिटो सम्पन्न गर्न कानुनी दबाब दिने योजनालाई कार्यान्वयन गर्ने विषयमा किन पर्याप्त समय दिन सक्दैनन् । हातमा ठेकेदारले दिएको घडी, जुत्ता, कपडामात्रै होइन चढ्ने गाडीसमेत दुर्गा प्रसाईं जस्ताबाट दान लिनेहरूले ठेकदारसँग आँखा जुधाएर कुरा गर्ने आत्मबल नै छैन । दुर्गा प्रसाईले गाडी दिएको विषय किन संसद्मा छलफलको विषय बन्दैन । दोषी को हो त्यो जनतालाई सुसूचित गर्नु पर्दैन ? सबै पार्टीका नेताहरूको हविगत उस्तै भएकाले नै तैँचुप मैँचुप भएको त होइन ? ठेकेदारहरूको सहयोगमा घरबास गर्नेहरू र सधैं निर्वाचनको खर्च जुटाउनेहरू नै जिम्मेवारीमा हुने अवस्थामा ती ठेकेदारहरूको सहयोग गुम्छ कि भनेर आतंकित हुने हाम्रा सार्वजनिक पदधारकहरूले हामीले सुम्पेको समयलाई दिनदिनै र छिनछिनै दुरुपयोग गर्दैआएका छन् । जनतालाई दिएको समयलाई जसले उच्चतम सदुपयोग नगरेर दुरुपयोग गर्छ ती समयप्रति इमानदार हुन नसक्नेहरू देश र जनताप्रति कसरी इमानदार हुनसक्छन् ? जबसम्म सार्वजनिक पदमा हुनेहरूमा यो जिम्मेवारीमा रहँदाको समय मेरो निजी होइन यो जनताको समयलाई मैले दुरुपयोग गर्नुहुँदैन भन्ने विवेक र चेतको विकास हुँदैन त्यस बेलासम्म सुशासन, विकास र समृद्धि हात्तीका देखाउने दाँत हुन् । चपाउने दाँत भनेको नेताहरूको व्यक्तिगत, पारिवारिक, नातागोता र पार्टीका गुटका व्यक्तिहरूको समृद्धिका लागि समयको चरम दुरुपयोग हो । समयको दुरुपयोग नरोकिने अवस्थामा सुशासन, विकास, समृद्धि र भ्रष्टाचार नियन्त्रण बारे नेताहरूका धारणा भ्रम छर्ने खेतीबाहेक जनउत्थानका विषय किमार्थ होइनन् । त्यसैले समयलाई सधैं दुरुपयोग गर्ने नेतृत्वको वर्तमान कार्यशैलीबाट विकास र समृद्धि व्यवहारमा किमार्थ सम्भव छैन ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :बन्धु-बान्धवबाट सहयोग मिल्नेछ। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । | **तुला** : भेटघाट र मनोरञ्जनमा सहभागिता भइएला । वैदेशिक कार्य अघी बढ्नेछ । |
| **वृष** : आज प्रिय व्यक्तिसँग भेटघाट होला मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । | **वृश्चिक** : सामान हराउने वा चोरी हुने भयछ । साँझमा मन प्रसन्न रहनेछ । |
| **मिथुन** : विद्यामा सफलता पाइएला । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **धनु**:सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ । |
| **कर्कट** : मनोरञ्जनमा लाग्दा अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **मकर** : प्रतिष्ठा कमाउनुको साथै सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **सिंह** : व्यापार व्यवसायमा फाईदा होला । वाहान सुख मिल्नेछ । | **कुम्भ** : लाभहानी, आयव्यय, सुखदुख बराबरी मध्यम खालको दिन छ । |
| **कन्या** : नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ। | **मीन** : अनुहारमा कान्ति र मनमा शान्ति छाउला । प्रेमीको सहयोग पाईनेछ । |

## कला मनोरञ्जन

# 'आफ्नै पहिचानले चिनिन चाहन्छु'



मागने बूढा नामले प्रसिद्ध हास्य कलाकार केदार घिमिरेको परिवारका तीनजना सदस्य फिल्म क्षेत्रमा छन् । तीनैजनाले अभिनय गरेको फिल्म २०८१ सालभित्रै प्रदर्शन तयारीमा छन् । केदार अभिनित 'छक्कापञ्जा ५' दशैंको फूलपातीमा आउँदैछ । उनकी श्रीमती समेत रहेकी कलाकार सीतादेवी तिमल्सेना अभिनित 'सानो संसार' असोज ११ गते र छोरा आशिषको डेब्यु फिल्म 'होस्टेल ३' फागुन १६ मा प्रदर्शन हुँदैछन् । एकै परिवारका तीनजनाको फिल्म एउटै वर्षमा आउने भएपछि मागने बुढाको परिवारलाई यतिबेला भ्याइनभ्याइ छ । विशेषगरी सीतादेवीको व्यस्तता फिल्मको प्रचारमा देखिन्छ । उनलाई धेरैले सीतादेवी कम र मागने बुढाको श्रीमतीको रुपमा धेरैले चिन्छन् । तर उनी श्रीमानभन्दा आफ्नै पहिचानले चिनिन चाहिन्छन् । नहोस् पनि किन, सीतादेवीसँग नाटक, स्टेज पर्फमेन्स, टेलिभिजन श्रृंखला र विज्ञापनमा काम गरेको अनुभव लामै छ । चिन्नेले उनलाई 'सक्किगो नि' की चन्द्रमुखीको नामबाट चिन्छन्, कसैले उनलाई 'खासखुस' सिरियलमा 'ए उल्का अचम्म' पात्रको नामबाट चिन्छन् । उनलाई श्रीमान् मागने बूढाको श्रीमतीको सामाजिक छवि मेटाउन जरुरी छ । 'जसरी पनि हन्ड्रेड पर्सेन्ट आृनो नामबाट चिनिने सोच हो नि । तर बाध्यता । भन्दिनुहुन्छ, गराइदिनुहुन्छ । त्यसलाई म नकार्न सक्दिनँ । म श्रीमती त हो नि त । होइन भन्न त सक्दिनँ' उनी भन्छिन् । उनी अगाडि भन्छिन्, 'सकेसम्म मेरै नामले बोलाइदिए हुन्थ्यो । मैले संघर्ष गरेको ठाउँ हो नि । तर भन्दिनुहुन्छ, त्यसलाई मैले नकार्न सक्ने कुरा पनि भएन ।' सीतादेवीले ५० भन्दा बढी सडक नाटक गरिन् । जिरे खुर्सानी, सक्किगो नि, भद्रगोल र खासखुस जस्ता चर्चित सिरियलमा काम गरिन् । तर अभिनयमा उनको हुटहुटी सानैदेखि हो । कोमल वलीले रेडियो नेपाल र रमा सिंहले नेपाल टेलिभिजनमा समाचार भनेको सुन्दा सीतादेवीलाई सानैदेखि त्यस्तै बन्न मन थियो । हरिवंश आचार्य र लक्ष्मी गिरीलाई हेर्दा पनि कलाकार बन्न मन गर्थिन् । 'रहर चाहिं पहिल्यैदेखि थियो' अभिनय रुचिबारे उनले भनिन्, 'धनीमानीले मात्र अभिनय गर्न पाउँछन् भन्ने लाग्थ्यो सानोमा ।' अहिले सीतादेवीको अभिनय करिअरमा केदारले पनि सघाउँदैछन् । 'उहाँको सपोर्ट विना काम गर्न सकिन्नथ्यो' उनले भनिन् । सीतादेवीको डेब्यु फिचर फिल्म 'सानो संसार' यसअघि 'मिडल क्लास' नामक सिरिज थियो । सिरिजपछि यसलाई कथानक फिल्म बनाइएको हो । यो फिल्मले मध्यम वर्गको सपना र संघर्षको कथा भन्ने उनल बताइन् । फिल्ममा उनी आमाको रोलमा छिन् । 'म ललितपुरको भट्टेडाँडामा जन्मिएकी हुँ । यहाँसम्म आइपुग्दा मैले के-के भोगें ? बच्चाको चाहना, उमेरको ग्याप र अभिभावकको चाहनाको कथा यसमा छ । मैले जीवनमा भोगेका घटना पनि यहाँ छन्' उनी भन्छिन् । घरका तीनैजना सदस्य फिल्ममा व्यस्त भएपनि घरको व्यवस्थापनमा चाहिं तीनैजनाले समय दिएको उनी बताउँछिन् । 'एकअर्काले समय मिलाएका छौं' उनी भन्छिन् ।

*-अनलाइन खबर डटकम*

# 'खुस्मा'का लागि उपासनाले रोजेकी थिइन् धीरज



संविधान दिवसको विदा पारेर असोज ३ गतेबाट फिल्म 'खुस्मा' प्रदर्शनमा आउने तयारीमा रहेको छ । यसमा अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीले पहिलो पटक सहकार्य गरेका छन् । तर, फिल्ममा धीरजभन्दा अगाडि उपासना निश्चित भएकी थिइन् । स्क्रिप्टको फाइनल ड्राफ्टपछि धीरजलाई अफर पुगेको थियो । र, फिल्मका लागि उपासनाले नै धीरजलाई रोजेकी थिइन् । पत्रकारसँगको एक भेटमा उपासना सम्झन्छिन्, 'स्क्रिप्ट सुनिसकेपछि निर्देशकले तिम्रो अपोजिटमा कसलाई लिँदा ठीक हुन्छ जस्तो लागेको छ भनेर सोध्दा मैले धीरज नै हुनुपर्छ भनेको थिएँ । निर्देशकले पनि मैले त्यही सोचेको छु भन्नुभएको थियो । 'खुस्मा' मगर समुदायको कथामा बनेकाले केही चीजहरु मिल्नैपर्ने हुन्थ्यो । उमेरदेखि हरेक कुरा धीरजसँग मिल्ने भएकाले उसको याद आयो ।' 'खुस्मा'को स्क्रिप्ट पढेपछि निर्देशकसहित उपासना छायांकन हुने ठाउँ (रुकुमको मैकोट) पुगेकी थिइन् । त्यहाँको बसाईले उनलाई चरित्र निर्माणमा ठूलो सहयोग पुग्यो । उनी भन्छिन्, 'फिल्मको कथा २०/२५ वर्ष अगाडिको भएकाले कति कुरा त्यही ठाउँमा गएर सिक्नुपर्छ भनेर हामी मैकोट गएका थियौं । मैले त्यहाँका केही मानिसहरुसँग समय विताएर बोल्ने शैली र हाउभाउ अध्ययन गरेँ ।' उपासनाका अनुसार, मैकोट जानुअघि स्क्रिप्टको पहिलो ड्राट मात्र तयार थियो । त्यहाँका बासिन्दाको अनुभव सुनेपछि निर्देशकले फाइनल ड्राफ्ट तयार गरेको उनी बताउँछिन् । फिल्ममा वास्तविक कथाहरु पनि धेरै समेटिएको उनको भनाई छ । उनी फिल्मको कथालाई 'यूनिभर्सल' मान्छिन् । विश्वको जुनसुकै देशका मानिसले पनि 'खुस्मा'को कथामा 'रिलेट' गर्न सक्छन् भन्ने उनलाई लाग्छ । 'राजनीति, प्रेम, युद्ध, त्याग भन्ने कुरा सबैले नभोगेको भए पनि त्यो महसुस गर्न सकिने कुरा हो । 'खुस्मा'मा यो कुरा समेटिएको छ,' उपासना अगाडि भन्छिन्, 'द्वन्द्वकालमा आृनो नजिकको मान्छे हराउँदा र गुमाउँदा पनि धेरैले जीवन काटिरहनुभएको छ । यस्ता कथा कति आएकै छैन । यो फिल्म गर्नुअघि मलाई पनि थाहा थिएन । त्यही भएर पनि सबैले 'खुस्मा' अनिवार्य हेर्नुपर्छ भन्ने लाग्छ ।' फिल्ममा खुस्मा क्यारेक्टर नै उपासनाले निभाएकी छन् । अर्थात् उनकै चरित्रबाट कथा भनिएको छ । यसको मतलब फिल्मै उनले बोकेकी छन् । तर, यो हिसाबले उनले भार महसुस गरेकी छैनन् । बरु महिलाको दृष्टिकोणबाट कथा भनिएको फिल्ममा काम गर्न पाएकोमा उनी आफूलाई भाग्यमानी ठान्छिन् । 'खुस्मा'ले आफूलाई जीवनको बारेमा फरक दृष्टिकोण दिएको उनको अनुभव छ ।

*-फिल्मी खबर डटकम*

# फिल्म 'पूर्ण बहादुरको सारङ्गी' को गीत सार्वजनिक



फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को गीत सार्वजनिक भएको छ । निर्माणपक्षले युट्युबमार्फत आइतबार 'काँधेकुरी' बोलको गीत सार्वजनिक गरेको हो । सार्वजनिक गीतमा प्रशान्त शिवाकोटीको शब्द, संगीत र स्वर रहेको छ । गीत छोरो सहर जाँदै गरेको बस हेर्दै गरेको बिछोडको दृश्यबाट सुरु हुन्छ । छोरालाई पढ्न सहर पठाउँदाको वियोग चलचित्रका मुख्य पात्र विजय बरालको अनुवारमा देखिन्छ । त्यसपछि सुरु हुन्छ गीत, जसमा घरघरमा सारङ्गी रेट्दै गाउँदै पैसा संकलन गर्दै हिँडिरहेका छन् । गरिबको घरमा जन्मिएपछि पाउने दु:खको सेरोफेरोमा गीत केन्द्रित छ । बाउबाजेको पालादेखि नै माग्दै हिँड्नु परे पनि छोराले अब मागेर हिँड्नु नपरोस् भन्ने गीतले छोराको प्रगतिका लागि बुवाले गरेको दु:ख र अपेक्षा बोलेको छ । शिक्षाबिनाको जिन्दगी रातजस्तै निष्पट्ट अँध्यारो रहेको भन्ने गीतले छोराको उज्जवल भविश्यका लागि बुवाले गर्ने संघर्षको कथा देखाएको छ । भिडियोमा विजयसँगै चलचित्रका अर्का मुख्य कलाकार प्रकाश सपूत फिचर्ड छन् । प्रकाशले गाउँ छोडेर सहर गएको, पढेको, गाउँ फर्किएर सारङ्गी बजाउन सिकेको दृश्य भिडियोमा छ । सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र कात्तिक १५ गते रिलिज हुनेछ । विजय बराल र प्रकाश सपूत सँगै मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिास बास्तोला, श्याम केसी, जानवी पौडेलगायतको अभिनय छ । चलचित्रको थिम पोस्टरले नै उत्सुकता जगाएको सिनेमाको टिजर सार्वजनिक भएपछि हाइप बढाएको छ । टिजरले नै प्रतिक्षित बनाएको चलचित्रको गीत पनि मर्मस्पर्शी रहेको छ । गीतले बुवा र छोराको सम्बन्धको कथालाई थप देखाउने प्रयास गरेको छ । सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको चलचित्रमा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन् । यो चलचित्रलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ । सोसल-ड्रामा जनरा निर्माण भएको चलचित्रले गन्धर्व परिवारको कथामा आधारित रहेको छ । सिनेमाको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन् । विनोद र प्याट्रिकको लगानी रहेको सिनेमाका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् । सिनेमामा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारङ्गी, प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानको स्वर रहेको छ ।

*-डिसी नेपाल डटकम*

# अदिति र सिद्धार्थले कसे लगनगाँठो



बलिवुड अभिनेत्री अदिति राव हैदर र अभिनेता सिद्धार्थ वैवाहिक बन्धनमा बाँधिएका छन् । तेलंगानाको वानापर्थीमा रहेको ४०० वर्ष पुरानो श्रीरंगपुर मन्दिरमा उनीहरुले गोप्य रुपमा विवाह गरेका हुन् । विवाह समारोहमा परिवारका सदस्यहरु मात्र सहभागी रहेको भारतीय मिडियाहरुले उल्लेख गरेका छन् । विवाहपछि दुवैले विवाहको तस्बिर सामाजिक सञ्जालमा शेयर गरेका छन् । २०२१ मा एक फिल्ममा काम गरेपछि सिद्धार्थ र अदिति नजिकिएका थिए । सिद्धार्थ र अदितिले २०२१ मा तमिल-तेलुगु फिल्म महासमद्रममा सँगै काम गरेका थिए । त्यसपछि यी दुईबीचको निकटता बढेको हो । सिद्धार्थले रंग दे बसन्ती र चश्मेबद्दूर जस्ता चर्चित बलिउड फिल्ममा काम गरिसकेका छन् । अदिति राव हैदरी दक्षिण र हिन्दी चलचित्रकी चर्चित अभिनेत्री हुन् । उनले पद्मावत, बोस, रकस्टार र मर्डर-३ जस्ता फिल्ममा काम गरिसकेका छन् । अदिति शाही परिवारसँग सम्बन्धित छिन्, अदितिको जन्म २८ अक्टोबर १९८६ मा हैदराबादमा एहसान हैदरी र विद्या रावको घरमा भएको थियो । अदिति हैदराबादकी निजाम थिइन् । साहेल अकबर हैदरीकी नातिनी हुन् । अदितिका हजुरबुवा राजा जे रामेश्वर राव वानापार्टी, तेलंगानाका राजा थिए । अदितिले भरतनाट्यम डान्सरको रुपमा आफ्नो करियर सुरु गरेकी थिइन् । उनले प्रसिद्ध भरतनाट्यम नर्तकी लीला सैमसनको नृत्य समूहमा पनि काम गरेकी थिइन् । यहाँ काम गरेपछि उनी अभिनयमा लागिन् । उनले पहिलो पटक २००७ मा तमिल फिल्म श्रृंगाराममा अभिनय गरेकी थिइन् । अदिति र सिद्धार्थ दुवैको यो दोस्रो विवाह हो । सिद्धार्थको पहिलो विवाह सन् २००३ मा मेघनासँग भएको थियो । यो विवाह २००७ मा टुटेको थियो । त्यस्तै अदितीको पहिलो विवाह अभिनेता सत्यदीप मिश्रसँग भएको थियो, जब उनी २१ वर्षकी थिइन् । चार वर्षपछि दुवैको सम्बन्धविच्छेद भएको थियो ।

*-हाम्रा कुरा डटकम*


## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति : २०८१/०६/०२)

श्री मोतीराम गाहाकी बुहारी, भीमबहादुर गाहाकी पत्नी, पाल्पा जिल्ला चिर्तुङधारा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने ना.प्र.प.नं. ६४८, (पाल्पा) भएकी श्रीमती राधा गाहको नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१३००६८०४७४००००१ रहेकोमा निजको मिति २०८१/०३/०९ मा मृत्यु भएको र निज मृतक राधा गाहको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै पाल्पा जिल्ला चिर्तुङधारा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने मृतक राधा गाहकी बुहारी नाता पर्ने निरु गाहाले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र (दर्ता नं. २००४०७०३०२०८८-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्रीमती निरु गाहालाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

# असोजमा पनि घटाए बैंकहरुले ब्याजदर




**पाल्पा,** असोज १/वाणिज्य बैंकहरूले असोज महिनाका लागि पनि निक्षेपको ब्याजदर थप घटाएका छन् । निक्षेप बढिरहेको र कर्जा प्रवाह अपेक्षित रुपमा बढ्न नसक्दा बैंकहरुले महिनैपिच्छे निक्षेपको ब्याजदर घटाउँदै लगेका हुन् ।

वाणिज्य बैंकले प्रकाशित गरेको भदौ महिनाको तुलनामा असोजमा बैंकहरूको निक्षेपको ब्याजदर औसत ०.०७ प्रतिशत विन्दुले घटेको छ । भदौमा बैंकहरुको एक वर्षे मुद्दती निक्षेपको ब्याजदर औसत ६.४७ प्रतिशत थियो । असोजमा यस्तो ब्याजदर घटेर औसत ६.४ प्रतिशत कायम भएको छ । बैंकहरूको औसत ब्याजदर घटेपनि चार वटा बैंकले भने निक्षेपका ब्याजदर सामान्य बढाएका छन् । ब्याज बढाउने बैंकहरुमा लक्ष्मी सनराइज, प्राइम, कृषि विकास र नेपाल बैंक छन् । आठ वटा बैंकहरुले भने निक्षेपको ब्याजदर घटाएका छन् । बाँकी ८ वटा बैंकले निक्षेपको ब्याजदर स्थिर राखेका छन् । मुद्दती निक्षेपको ब्याजदर घटेसँगै साधारण बचतको ब्याजदर घटेको हो । सञ्चालनमा रहेका २० वाणिज्य बैंकको साधारण बचत खातामा औसत ब्याजदर कम्तीमा औसत ३.०२६ प्रतिशत र बढीमा औसत ४.५२४ प्रतिशत छ । यस्तै, मुद्दती निक्षेपमा व्यक्तिगततर्फ औसत न्यूनतम ४.५५१ प्रतिशतदेखि अधिकतम ६.३९३ प्रतिशत रहेको छ । यस्तै, संस्थागत मुद्दती निक्षेपतर्फ न्यूनतम औसत ३.५९६ प्रतिशत र अधिकतम ५.११५ प्रतिशत ब्याजदर तोकेको नेपाल बैंकर्स संघको तथ्यांकमा उल्लेख छ । यस महिना ब्याजदर कम गर्ने बैंकको पंक्तिमा कुमारी, नबिल, नेपाल एसबीआई, एनआईसी एशिया, सिटिजन्स बैंक, एभरेष्ट, एनएमबी बैंक, राष्ट्रिय वाणिज्य, सानिमा र प्राइम बैंक छन् । यसबाहेक भदौकै ब्याजदरलाई निरन्तरता दिनेमा बैंकहरूमा हिमालयन, लक्ष्मी सनराइज, ग्लोबल आईएमई, नेपाल इन्भेष्टमेन्ट मेगा, प्रभु, माछापुच्छ्रे, स्टयान्डर्ड चार्टर्ड र सिद्धार्थ बैंक हुन् । समग्रमा बैंकहरूको निक्षेपको ब्याजदर घटेसँगै अब कर्जाको ब्याजदर पनि केही कम हुने नेपाल बैंकर्स संघले जनाएको छ । हाल बैंकिङ प्रणालीमा ६ खर्ब ४२ अर्ब अधिक पैसा थुप्रिएको छ । एकातर्फ निक्षेप थुप्रिनु तर बैंकले लगानी गर्न नसक्दा यस्तो स्थिति आएको हो । अधिक तरलता भएका कारण नेपाल राष्ट्र बैंकले विभिन्न उपकरणमार्फत ३ प्रतिशत ब्याजदर हाराहारीमा पैसा तानेर व्यवस्थापन गरिरहेको छ ।

## खेलकुद समाचार

### एपीएफले सङ्कटालाई हरायो



**काठमाडौं,** असोज १/ एन्फा महिला लिग फुटबलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले सङ्कटा क्लबलाई हराएको छ ।

ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मैदानमा मंगलबार भएको खेलमा एपीएफले सङ्कटालाई ३-० गोलले हरायो । एपीएफका लागि सरु लिम्बु, अनिता केसी र सबिता राना मगरले समान एक गोल गरे । प्रतियोगितामा एपीएफको यो पाँचौं जीत हो । एपीएफ ६ खेलमा १६ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । सङ्कटा ६ खेलमा पाँच अङ्कसहित सातौं स्थानमा छन् । सातदोबाटोस्थित अखिल नेपाल फुटबल सै (एन्फा) मैदानमा मंगलबार भएको खेलमा एपिएफले सङ्कटाविरुद्ध ३-० को जित निकालेको हो । यो जितसँगै छ खेलमा १६ अङ्क जोडेको एपिएफ शीर्षस्थानमा छ । प्रतियोगिता सङ्कटा समान छ खेलबाट पाँच अङ्कका साथ सातौं स्थानमा छ । एपिएफको जितमा सरु लिम्बू, अनिता केसी र सविता रानामगरले समान एक-एक गोल गरे । खेलको १३औं मिनेटमा सरुको गोलमार्फत एपिएफले अग्रता लिएको थियो । खेलको ५०औं मिनेटमा अनिताले अर्को गोल गरेर टिमको हौसला बढाइन् । खेलको ६४औं मिनेटमा सविताले गोल गर्दै एपिएफलाई सहज जित दिलाइन् । एन्फाको आयोजनामा जारी लिगमा १० टोलीत्रबीच स्पर्धा हुँदैछ ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो




**पाल्पा,** असोज १/स्थानीय बजारमा मंगलबार सुनको मूल्य प्रतितोलामा छ सय रुपैयाँले घटेको छ । सोमबार हालसम्मकै उच्च विन्दुमा पुगेको सुनको मूल्यमा सामान्य गिरावट भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाला सुन सोमबार प्रतितोला एक लाख ५७ हजार तीन सय रुपैयाँमा कारोबार भएकामा सोही परिमाणको पहेँलो धातुको मोल आजका लागि एक लाख ५६ हजार सात सय रुपैयाँ निर्धारण भएको छ । यसैगरी, चाँदीको मूल्य तोलामा १० रुपैयाँले घटेको छ । सोमबार प्रतितोला एक हजार नौ सय १५ रुपैयाँमा खरिदबिक्री भएको चाँदी आजका लागि भने एक हजार नौ सय पाँच रुपैयाँ निर्धारण भएको छ । सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो ।

सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

# गरियो विश्वकर्मा पूजा

**पाल्पा,** असोज १/कालीगढहरूले फलामजन्य वस्तुहरुको धुमधाम पूजाआजा गरी मंगलबार विश्वकर्मा पूजा गरेका छन् । आ-आफ्ना सवारी साधन तथा कलकारखानामा प्रयोग हुने उपकरण, ओजार लगायतको पूजा गरी विश्वकर्मा पूजा गरिएको हो ।

कलकारखानालाई विशेष रूपमा सजाएर मजदुरलाई समेत सहभागी गराएर यो पूजा गरिन्छ । बालुवा वा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल वा अन्य शुद्ध स्थलमा लगी सेलाउने गरिन्छ । पूजा गरी मंगलबार नदीमा लगी मूर्ति सेलाइएको छ । यस दिन कालिगडले उपयोगमा ल्याउने विभिन्न औजारका सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिने लगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसहरूले दुःख दिएपछि विश्वकर्माले समुद्रमन्थनमा 'भेद द्वारका' बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुद्रको बीचमा 'भेद द्वारका' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रूपमा मानी त्यसै



समयदेखि पूजाआजा गर्ने परम्परा बसेको हो ।

प्राचीन भारत वर्षका चार दिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रूपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रको बीचमा रहेको विश्वास गरिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रूपमा समेत मानिन्छ । विश्वकर्मा प्रकाश नामक वास्तु शास्त्रको ग्रन्थ उनले नै तयार पारेको विश्वास गरिन्छ । यही सम्झनामा नेपालका कालीगढहरूले भव्य रुपमा विश्वकर्मा बाबाको पूजा गरी उनको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गर्दछन् ।

# पालपाली...

...जिल्ला भर सयौंको संख्यामा व्यापारी यस्तो व्यापारमा लागेको देखिएपनि नियन्त्रणका लागि सम्बन्धित निकायबाट प्रभावकारी कदम भने चालिएको छैन । बरु स्थानीय सरकार आफै न्यूनतम शुल्क लिएर त्यस्ता व्यापारीहरुलाई अनुमति दिई व्यापार गर्न प्रोत्साहन गर्दै आएको स्थानीय व्यवसायीहरुको आरोप छ । स्थानीय सरकारले त्यस्ता कुराहरुमा ध्यान नदिएपछि नीजि क्षेत्रले आफ्ना उद्योगी व्यवसायीहरुको हकहितका लागि आफै सक्रिय भएर पोके व्यापारी नियन्त्रणमा लागिएको जनाएको छ । तानसेन नगरपालिका राजस्व शाखा प्रमुख घर्तीले भने आफुहरु स्थानीय व्यसायीहरुकै हितमा रहेर काम गरे पनि केही पोके व्यापारीहरु बाहिरबाट आएर विक्री गर्दा समस्या भएको बताए । उनले भने 'उनीहरुले यहाँ आएर व्यापार गर्नै पाउँदैनन् भन्ने होइन् तर वैधानिक तरिकाले गर्नुपर्छ भन्ने मान्यता हाम्रो हो ।' उनीहरुले नगरपालिकालाई कुनै पनि शुल्क नबुझाई व्यापार गर्ने गरेको घर्तीको भनाई छ । त्यस्ता व्यपारीहरुलाई बजारमै सटर लिएर, सरकारलाई कर तिरेर वैधानिक ढंगले काम गर्न आग्रह गर्दै आएको उनले बताए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई